annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ६५ पृष्ठ ८ | काठमाडौं, बिहीबार २० असार २०८१ | आषाढ कृष्णपक्ष त्रयोदशी, नेपाल संवत् ११४४ | THURSDAY, JULY 4, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## गाउँका सिंहदरबारले ल्याए
# मनछुने नीति कार्यक्रम

नागरिकको घरदैलोमै सिंहदरबार पुगेको छ भन्ने अनुभूति त्यहाँका स्थानीय तहले ल्याउने वार्षिक नीति तथा कार्यक्रमले देखाउँछ। जनताको सबैभन्दा नजिकको सरकार हुन् देशभरका पालिकाहरू। तर, उनीहरूसँग पर्याप्त बजेट छैन। साँघुरो बजेटको घेराबाटै पनि देशका कतिपय पालिकाहरूले नागरिकको मनछुने नीति, तथा कार्यक्रम ल्याएका छन्। पानी, तरकारी र फलफूलको शुद्धता परीक्षण गर्ने, योजना बैंक बनाएर कार्यक्रम सञ्चालन गर्ने, जनतालाई निःशुल्क रगतको व्यवस्था गर्ने, एक घर, एक सीपयुक्त जनशक्ति उत्पादन, पहिले उत्पादन अनिमात्र अनुदान, छोरी पढाऔं, समाज बनाऔं, गर्भवती र सुत्केरीलाई निःशुल्क ल्याब सेवा जस्ता कार्यक्रमहरूले नागरिकको मन छोएको छ।

समाचार पृष्ठ २

**केशरराज क्षेत्री** | *बुटवल*

**– को रिपोर्ट**






### यी हुने मनछुने नीति कार्यक्रम

- पानी, तरकारी र फलफूलको शुद्धता परीक्षण
- अब उत्पादनले चिनिने छन् वडाहरू
- योजना बैंक सञ्चालन
- प्राथमिकता प्राप्त, गौरव र स्वर्णिम योजना
- नगरवासीलाई रगत निःशुल्क
- एक घर, एक सीपयुक्त जनशक्ति
- पहिले उत्पादन, अनिमात्र अनुदान
- एक वडा, एक किमी सडक कालोपत्रे
- 'छोरी पढाऔं, समाज बनाऔं'
- नगरप्रमुख गृहिणी महिला स्वरोजगार
- गर्भवती र सुत्केरीलाई निःशुल्क ल्याब सेवा
- बाआमासँग नगरप्रमुख

**सरुमारानी गाउँपालिका प्यूठानको गाउँसभा (माथि)। नगरसभामा बजेट प्रस्तुत गर्दै रुपन्देहीको तिलोत्तमा नगरपालिकाका।**
● केशरराज क्षेत्री

## सञ्चारमाध्यमका लागि उदाहरणीय कार्य गरिने



**श्यामसुन्दर यादव**

इजलास

मधेस प्रदेशमा सञ्चार क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन प्रदेश सरकारको नीतिअनुसार आमसञ्चार प्राधिकरणको गठन गरिएको हो। मधेस प्रदेश सञ्चार र पत्रकारिताका लागि उर्वर भूमि रहेको सर्वविदितै छ। आमसञ्चार प्राधिकरणले प्रदेशका सञ्चारकर्मी र सञ्चारमाध्यमका लागि उदाहरणीय कार्यहरू गर्ने सपना बोके पनि सुरुवाती अवस्थामा न कर्मचारी थिए, न कार्यालय। त्यतिबेला कोभिडको समय थियो। आफैंले कार्यालयका लागि भवन खोजेर कर्मचारीबाट काम अगाडि बढाए। एउटै कर्मचारीलाई तीन कार्यालयको जिम्मेवारी थियो।

कार्यालय सहयोगी र एक सवारी चालकका साथै आफैंले काम थालें। हाकिमबाट हस्ताक्षर गराउन अन्य कार्यालय जानुपर्ने बाध्यता थियो। तै पनि मधेस प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि २०७९ र मधेस प्रदेश पत्रकारहरूको स्वास्थ्य र दुर्घटना बिमासम्बन्धी कार्यविधि २०७९ लामो कसरतपछि मन्त्रिपरिषद्बाट पारित भयो।

थोरै भए पनि अहिले मधेस प्रदेशका सञ्चारमाध्यमहरूले जनहितका विज्ञापन तथा पत्रकार महिलाको एक लाखको स्वास्थ्य र सात लाखको दुर्घटना बिमा हुँदै आएको छ। पत्रकार महिलालाई साइबर सुरक्षा र आत्मरक्षासम्बन्धी प्रशिक्षणका साथै अनलाइन पत्रकारिता, श्रव्यदृश्य, कृषि पत्रकारिता लगायतका प्रशिक्षणहरू गराउँदै आएका छौं। तालिमलाई व्यवस्थित गर्न बाटो पत्रकारिताको नामक एकीकृत स्रोत पुस्तक निर्माण गरेका छौं। यस अतिरिक्त आमसञ्चार प्राधिकरणमै हालसम्म ४३ अनलाइन सञ्चारमाध्यम दर्ता एवं नवीकरण हुँदै आएको छ। आगामी आवदेखि अनलाइनले पनि लोककल्याणकारी विज्ञापन पाउने भएका छन्।

आगामी आवमा प्रदेशका सम्पूर्ण पत्रकारको बिमा, पत्रकारिता अध्ययन छात्रवृत्ति, प्रेस प्रतिनिधि प्रमाणपत्र, पत्रकारितासम्बन्धी अध्ययन-अनुसन्धान, तालिम, क्षमता अभिवृद्धि, प्रबर्द्धन एवं प्रोत्साहनमुलक कार्यहरू अगाडि बढाउने जमर्को गरेका छौं।

*(यादव आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष हुन्।)*

# एमालेले झिक्यो समर्थन, प्रधानमन्त्री पछि हट्ने कहिले ?

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारको प्रमुख हिस्सेदार दल एमालेले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल अल्पमतमा परेका छन्।

एमालेका मन्त्रीहरूले बुधबार बालुवाटार पुगेर सामूहिक राजीनामा दिएका छन्। उनीहरू एमाले अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा जम्मा भएर सामूहिक रूपमा राजीनामा दिन प्रधानमन्त्री निवास बालुवाटार गएका थिए।

उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुविर महासेठ, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी, कृषि तथा पशुपन्छीमन्त्री ज्वालाकुमारी साह, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, महिला बालबालिका तथा समाजकल्याणमन्त्री भगवती चौधरी, खानेपानीमन्त्री राजेन्द्रकुमार राई र रक्षामन्त्री हरिप्रसाद उप्रेतीले सामूहिक रूपमा राजीनामा गरेका हुन्।

२ सय ७५ सदस्यीय प्रतिनिधिसभामा एमालेका ७९ सांसद छन्। दाहाल सरकारको सबै ठूलो हिस्सेदार दल एमाले नै हो। दाहालको पार्टी माओवादी केन्द्रसँग ३२ सिट मात्रै छ। बहुमतका लागि १ सय ३८ सिट आवश्यक पर्छ। अहिले सत्ता साझेदार दलमध्ये रास्वपाले मात्रै तत्काल सरकारबाट नबाहिरिने निर्णय गरेको छ। उसको जम्मा २१ सिट छ।

राजनीतिक स्थिरता र संविधान संशोधनका लागि भन्दै गत असार १७ गते मध्यरातमा कांग्रेस-एमालेले राष्ट्रिय सरकार बनाउने सहमति गरेका थिए। सहमतिपछि दुवैले संस्थागत रूपमा निर्णय गरेर प्रधानमन्त्री दाहाललाई राजीनामा दिन आग्रह गरे। तर, ३ दिन बितिसक्दा पनि प्रधानमन्त्री दाहालले राजीनामा दिएका छैनन्। अझै उनी अल्झाउने दाउमा लागिरहेका छन्। ठूला दुई शक्ति मिलिसक्दा पनि दाहालले सत्ता नछोडेपछि एमालेले औपचारिक रूपमा नै समर्थन फिर्ता लिएको छ।

» बाँकी पृष्ठ ६

## कांग्रेसले भन्यो, 'मार्ग प्रशस्त गर्नुस्'

**राधा खनाल** | *काठमाडौं*

कांग्रेसले राष्ट्रिय सहमतिको नयाँ सरकार गठनको विषय सार्वजनिक भइसकेकाले अब प्रधानमन्त्री पुष्पकमल दाहालले मार्ग प्रशस्त गर्नुपर्ने निष्कर्ष निकालेको छ।

बुधबार बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले प्रमुख दलहरूबीचमै नेपालको संविधानको धारा ७६(२) बमोजिम नयाँ सरकार गठनका लागि सहमति भइसकेकाले प्रतिनिधिसभाको बहुमत स्पष्ट देखिएको अवस्थालाई मध्यनजर गरी प्रधानमन्त्रीले राष्ट्रिय सहमतिको नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्न उचित हुने निष्कर्ष निकालेको हो।

बैठकपछि निकालेको विज्ञप्तिमा भनिएको छ, 'नेपाली कांग्रेस र नेकपा (एमाले) बीच नेपालको संविधानको धारा ७६(२) बमोजिम केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन गर्न सहमति भइसकेकोमा प्रतिनिधिसभाको बहुमत स्पष्ट देखिएको अवस्थालाई मध्यनजर गरी प्रधानमन्त्रीले राष्ट्रिय सहमतिको नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्न उचित हुने यो बैठक ठहर गर्छ।'

» बाँकी पृष्ठ ६

